# काठमाडौं शिक्षा क्याम्पसमा
# कार्यरत कर्मचारीको आचारसंहिता

१. तोकिएको समयमा क्याम्पसमा उपस्थित भई आफ्नो जिम्मेवारी अनुरूप कार्य गर्ने,

२. आफूभन्दा माथिका कर्मचारी तथा पदाधिकारीको निर्देशन पालना गर्ने,

३. आफूभन्दा माथिल्लो स्तरका पदाधिकारीलाई आदर गर्ने र तल्लो स्तरका कर्मचारीप्रति सद्भाव राख्ने,

४. कार्यमा बाधा नपर्ने गरी व्यवस्था मिलाएर स्वीकृत गराएर बिदा बस्ने,

५. क्याम्पसको सम्पूर्ण गतिविधिमा पूर्ण रूपले सहयोग गर्ने,

६. क्याम्पसको मर्यादामा आँच आउने कुनै पनि गतिविधिमा संलग्न नहुने,

७. अन्य कुनै संस्थामा एउटै समयमा अन्यत्र काम नगर्ने बाकीँ समयमा क्याम्पसदेखि बाहिर कुनै स्थान/कार्य गर्ने भए सो को जानकारी क्याम्पसमा गराउने,

८. आफ्ना गुनासाहरू सम्बन्धित व्यक्ति तथा स्थानमा मात्र प्रस्तुत गर्ने ।

१०. क्याम्पस प्रशासन तथा अन्य शाखामा भएका गतिविधिहरुलाई गोपनियता कायम राख्ने ।

११. क्याम्पसप्रति इमान्दार भई विश्वासनीय तरिकाबाट कर्तव्यको पालना गर्ने,

१२. बिदा अधिकार नभई सहुलियत हो भन्ने सिद्धान्तलाई केन्द्रित गरी अति आवश्यक परेमा मात्र बिदा लिने ।

१३. विद्यार्थीहरुको जिज्ञासालाई उचित परामर्श दिई सेवा, सुविधाहरुको बारेमा पऱ्याप्त जानकारी दिने ।

१४ विद्यार्थीहरुको समस्यालाई पहिलो प्राथमिकतामा राखी सेवा प्रदान गर्ने ।

१५ क्याम्पस प्रशासन संग सम्बन्धित कुनै समस्याहरु भएमा निती, नियम तथा सुधारका लागि माथिल्लो निकायमा पेश गर्ने ।

१६. अध्ययन अध्यापन गराउनको लागि आवश्यक शैक्षिक सामाग्रीहरु उपलब्ध गराउने ।